आज मिति २०८३/०१/१० गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५२औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ईश्वर नारायण मानन्धर | नगर प्रमुख | | |
| २ | श्री कमला बस्नेत | नगर उपप्रमुख | | |
| ३ | श्री विष्णुप्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री माधव थामी | वडा अध्यक्ष भी.न.पा. १ | — | |
| ५ | श्री स्टालिन श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. २ | | |
| ६ | श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष भी.न.पा. ३ | | |
| ७ | श्री तारानाथ चौलागाई | वडा अध्यक्ष भी.न.पा. ४ | | |
| ८ | श्री बासु श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ५ | — | |
| ९ | श्री नबिन कुमार लामा | वडा अध्यक्ष भी.न.पा. ६ | | |
| १० | श्री बिनोद तामाङ | वडा अध्यक्ष भी.न.पा. ७ | | |
| ११ | श्री काजी बुढाथोकी | वडा अध्यक्ष भी.न.पा. ८ | | |
| १२ | श्री हिमाल श्रेष्ठ | वडा अध्यक्ष भी.न.पा. ९ | | |
| १३ | श्री गोपाल बहादुर थामी | कार्यपालिका सदस्य | | |
| १४ | श्री मुना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १५ | श्री गोरे बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री मिना बिश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १७ | श्री सुशिला थापा | कार्यपालिका सदस्य | | |
| १८ | श्री खेम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| १९ | श्री भीम बहादुर भुजेल | कार्यपालिका सदस्य | | |
| २० | श्री किरण वली | कार्यपालिका सदस्य | — | |
| २१ | श्री माधव प्रसाद सुवेदी | प्र.अ. / बैठक व्यवस्थापक | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८३/०१/१०

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

प्रस्ताव नं. २ : गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धमा ।

प्रस्ताव नं. ३ : संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ४ : खानेपानी तथा सरसफाई उपभोक्ता समिति एकीकरणका लागि प्राप्त लेखा परिक्षण प्रतिवेदनको मूल्यांकन तथा DDA गर्न चार्टर एकाउन्टेन्टको विज्ञ परामर्शमा लिने सम्बन्धमा ।

प्रस्ताव नं. ५: ८ नं. वडा कार्यालयको लागत अनुमान स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कृषि बजार व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : जिल्लास्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको लागि रकम व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : वि.स. २०८३ को शैक्षिक भित्तेपात्रो निर्माणका लागि रकम व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १०: अंग्रेजी माध्यमको पाठ्यपुस्तकको साझेदारी कार्यक्रमको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : आधारभुत तह (कक्षा ६-८) को अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक सहयोग अनुदान तर्फको ३ महिनाको तलव नपुग सम्बन्धमा ।

प्रस्ताव नं. १२ : कृषि चुन निशुल्क वितरण सम्बन्धमा ।

प्रस्ताव नं. १३ : खानेपानी तथा सरसफाई उपभोक्ता समिति एकीकरण कार्यविधि, २०८३ सम्बन्धमा ।

प्रस्ताव नं. १४ : दलित र गैरदलित बीच अन्तरजातीय विवाह प्रोत्साहन कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १५ : कर्मचारीहरुको आन्तरिक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १६ : स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. १७ आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १८ : विविध सम्बन्धमा ।

क) नदिजन्य पदार्थ सम्बन्धी निषेधित कार्य वापतको दण्ड जरिवानाबाट प्राप्त रकमको संलग्न प्रहरीलाई प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा ।

ख) अ.न.मी. विन्दिया श्रेष्ठको अवकाश पश्चातको सुविधा तथा अधिवक्ताको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

ग) सोलार बत्ति मर्मतको भुक्तानी सम्बन्धमा ।

घ) विपन्न नागरिक आर्थिक सहायता- जटिल रोग स्वास्थ्य उपचार सम्बन्धमा ।

ङ) बजार व्यवस्थापन सम्बन्धमा ।

च) जनस्वास्थ्य अधिकृत करार सेवामा लिने सम्बन्धमा ।

छ) किवी उत्पादक कार्यशाला सम्बन्धमा ।

ज) पाखलती बजारको भवन भाडामा लगाउने सम्बन्धमा ।

झ) आयोजना तथा कार्यक्रम सम्बन्धमा ।

ञ) बहाल बिटौरी सम्बन्धमा ।

ट) विनियोजित बजेट बिभाजन सम्बन्धमा ।

ठ) मोटरसाइकल मर्मतको भुक्तानी सम्बन्धमा ।

ड) लाभग्राही संख्या र शीर्षकगत अनुदान सम्बन्धमा ।

ढ) एक वडा एक उद्योग कार्यकम सम्बन्धमा ।

ण) विपद व्यवस्थापनको भुक्तानी सम्बन्धमा ।

त) PAMS अभिलेख सम्बन्धमा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठ
मिति २०८३/०१/१०

**निर्णय नं. १** : यस नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम गर्ने ।

**निर्णय नं. २** : सङ्घीय सरकारको गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्वन्धी मापदण्ड, २०८३ अध्ययन गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्न तपसिल बमोजिमको समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

| | | |
|---|---|---|
| संयोजक | श्री कमला बस्नेत | नगर उपप्रमुख |
| सदस्य | श्री तारानाथ चौलागाईं | वडा अध्यक्ष, वडा नं. ४ |
| सदस्य | श्री बासु श्रेष्ठ, | वडा अध्यक्ष, वडा नं. ५ |
| सदस्य | श्री हिमाल श्रेष्ठ, | वडा अध्यक्ष, वडा नं. ९ |
| सदस्य सचिव | ई. सुरेश राउत, | शाखा प्रमुख, पूर्वाधार शाखा |

**निर्णय नं. ३** : नेपाल सरकारद्वारा जारी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ (३) को प्रयोजनका लागि दफा ७ (३) ई मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न यस प्रमुख प्रशासकीय अधिकृत श्री बिष्णु प्रसाद सुवेदीको संयोजकत्वमा देहाय बमोजिमको कार्यदललाई स्वीकृत गरी कार्यदिश दिने ।

| | |
|---|---|
| क) विष्णु प्रसाद सुवेदी | संयोजक/ प्रमुख प्रशासकीय अधिकृत |
| ख) देव कुमार गिरी | सदस्य /बरिष्ठ लेखा अधिकृत, आर्थिक प्रशासन शाखा |
| ग) माधव प्रसाद सुवेदी, | सदस्य सचिव/प्रशासकीय अधिकृत, प्रशासन शाखा |

**निर्णय नं. ४** : चरिकोट खानेपानी तथा सरसफाई समिति र संस्थाले एकीकरण गर्न दुवै समितिको सम्पति तथा दायित्वको मुल्यांकन तथा Due Diligence Audit गर्न चार्टर एकाउन्टेन्ट सेवा परामर्शमा लिने र सों कार्यको पारिश्रमिक एकमुष्ठ रु ५०,०००/- (पचास हजार) सि.नं. ३६ बाट उपलब्ध गराउने ।

**निर्णय नं. ५** : यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ८ को कार्यालय भवन निर्माण योजनाको विनियोजित बजेट नपुग रहेकोले लागत अनुमान बमोजिम नपुग बजेट आ.व. २०८३/०८४ को बजेटमा समावेश गरी लागत अनुमान रु १८,५,००,०००/- (एक करोड पचासी लाख) स्वीकृत गर्ने र उक्त योजनालाई बहुबर्षीय योजनाको रुपमा अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६** : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित कृषि उपज बजार क्षेत्रमा **कृषि उपज बजार सञ्चालन** तथा व्यवस्थापन कार्यको लागि उक्त क्षेत्रमा निर्माण गरिएको कृषि उपज बजार भवनको बीच भागमा रहेको पहिलो तलातर्फ जाने भऱ्याङबाट जिल्ला आर्युवेद कार्यालय, दोलखा तर्फको आठ कोठा (भुई तला र पहिलो तला) **भीमेश्वर नगरपालिका अन्तर्गतको कृषि** उपज बजार सञ्चालक समिति. भीनपा ३ लाई उपलब्ध गराउने ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८३/०१/१०

**निर्णय नं. ७ : शैलुंग गाउँपालिकामा भएको** जिल्लास्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा यस नगरपालिकाको तर्फबाट सहभागि खेलाडी तथा व्यवस्थापनका लागि नेपाल सरकारको नम्स अनुसार ब.सि.नं. ११५ बाट भुक्तानी गर्ने ।

**निर्णय नं. ८ :** चालु आ.व.को राष्ट्रिय शैक्षिक सुधार कार्यक्रममा विनियोजित बजेटबाट कार्यक्रम सन्चालन गर्न जिल्लाकै एकमात्र छात्रा विद्यालय पशुपति कन्या मन्दिर मा.वि., चरिकोटलाई छनौट गर्ने र सो बजेटबाट उक्त विद्यालयको चरिकोट- दोलखा सडकको बाँया तर्फको पुरानो भवन पुनर्निर्माण गर्ने ।

**निर्णय नं. ९ :** आगामी शैक्षिक सत्रको लागि शैक्षिक पात्रो हालसम्म उपलव्ध नभएकोले उपलव्ध भए पश्चात यस नगरपालिकाको शैक्षिकपात्रो छपाई गर्न ब.शि.नं. ११५ बाट रु ७० हजार व्यवस्थापन गर्ने ।

**निर्णय नं. १० :** शिक्षाको गुणस्तर वृद्धि गर्न अंग्रेजी माध्यमको पाठ्यपुस्तकको साझेदारी गर्दै आईरहेकोमा उक्त कार्यक्रम सन्चालन भएको प्रत्येक विद्यालयहरुको अनुगमन गरी प्राप्त प्रतिवेदन पश्चात भुक्तानी दिने व्यवस्था गर्ने ।

**निर्णय नं. ११ :** यस नगरपालिका क्षेत्रका विद्यालयहरुमा आधारभूत तह (६-८) को अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक सहयोग अनुदान कार्यक्रमको लागि नपुग रकम चालु आ.व.मा बजेटको अभावको कारण भुक्तानी गर्न नसकिने हुँदा आगामी नगरसभाबाट विनियोजन गरी व्यवस्थापन गर्ने ।

**निर्णय नं १२ :** चालु आ.व. २०८२/०८३ मा विनियोजित बजेटको सीमाभित्र रही तपसिलका वडाहरुमा देहाय बमोजिमका परिमाणमा निशुल्कः चुन वितरण गर्ने ।

| क्र.स. | वडा नं. | आवश्यकता मध्ये हाल वितरण (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | १ | ९.६ | कृषि समितिको सिफारिसको आधारमा |
| २ | २ | ० | वडा कार्यक्रमबाट वितरण भएकोले |
| ३ | ३ | ७.९ | कृषि समितिको सिफारिसको आधारमा |
| ४ | ४ | ११.५ | |
| ५ | ५ | २० | |
| ६ | ६ | ९.९ | |
| ७ | ७ | १७.६ | |
| ८ | ८ | १०.३ | |
| ९ | ९ | १३.१ | |

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८३/०१/१०

**निर्णय नं १३ :** खानेपानी तथा सरसफाई उपभोक्ता समिति एकीकरण कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्वन्धमा स्वतन्त्र बिज्ञबाट मूल्यांकन (DDA) गराई प्रतिवेदन पेश भए पश्चात प्राप्त प्रतिवेदन अध्ययन गरी आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने ।

**निर्णय नं. १४ :** यस नगरपालिकाद्वारा तयार पारिएको दलित तथा गैर दलित बीच अन्तरजातीय विवाह प्रोत्साहन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. १५ :** यस नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको आन्तरिक व्यवस्थापन (पदस्थापन, काज, सरुवा लगायत) मापदण्ड बनाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. १६ :** राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ अनुसार स्थानीय तहले आफ्नै स्रोतबाट खर्च वयहोर्ने गरी स्थानीय आर्थिक गणना समन्वय समिति संरचनाको व्यवस्था गरेको र सो अनुसार गठन तथा परिचालन गर्न परिपत्र भइ आएको हुँदा देहाय अनुसार स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| क) | संयोजक | श्री इश्वर नारायण मानन्धर | नगर प्रमुख |
| ख) | सदस्य | श्री कमला बस्नेत | नगर उपप्रमुख |
| ग) | सदस्य | श्री प्रतिनिधि | दोलखा उद्योग वाणिज्य संघ |
| घ) | सदस्य | श्री प्रतिनिधि | च्याम्वर अफ कर्मस, दोलखा |
| ङ) | सदस्य | श्री प्रतिनिधि | घरेलु तथा साना उद्योग महासंघ |
| च) | सदस्य | श्री प्रतिनिधी | जिल्ला प्रहरी कार्यालय |
| छ) | सदस्य सचिव | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं. १७ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रम विविध कारणले संशोधन गर्नुपर्ने भएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर गर्ने ।

| सि.नं. | साविकको आयोजना | रकम रु | संशोधित आयोजना | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | प्रदेश सरकारसँगको साझेदारीमा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम | १३ लाख | फलफुल प्रवर्द्धन कार्यक्रम | २.५ लाख | |
| | | | धान दिवस कार्यक्रम | ५० हजार | |
| ४४५ | फसिभै पक्की गोरेटो बाटो, भीनपा ४ | ५ लाख | मछिन्द्रे -अर्चलेघाट सडक निर्माण, भीनपा ४ | १५ लाख | |
| २५२ | सिम्ले अर्चलेघाट सडक निर्माण, भीनपा ४ | १० लाख | | | |
| ४३१ | सर्व मा.वि. प्राविधिक धार प्रोत्साहन कार्यक्रम, भीनपा ४ | ५ लाख | सर्व मा.वि. शौचालय मर्मत तथा फलामे च्यानलगेट निर्माण, भीनपा ४ | ५ लाख | |

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ४३७ | पशुपन्छी प्रवर्द्धन कार्यक्रम, भीनपा ४ | २ लाख | कृषि फार्म प्रवर्द्धन, भीनपा ४ | २ लाख | |
| ३२० | भुइमाल खोला बाढी नियन्त्रण, भीनपा १ | ५ लाख | वडा कार्यालय भौतिक पूर्वाधार निर्माण, भीनपा १ | ५ लाख | |
| ४७३ | खानेपानी तथा सिंचाई आयोजना, भीनपा ५ | ३ लाख | खानेपानी तथा सिंचाई पाईप खरिद भुक्तानी (विशाल इन्टरप्राइजेज एण्ड सप्लायर्स) | ४५ हजार | |
| ४७४ | कालभैरवं मन्दिर निर्माण, भीनपा ७ | ४ लाख | सडक बत्ती व्यवस्थापन | ५ लाख | |
| ५२९ | दलित लक्षित कार्यक्रम, भीनपा ७ | १ लाख | | | |
| ५२४ | महिला उद्यम विकास कार्यक्रम, भीनपा ७ | १ लाख | देउरालीडाँडा गोरेटो बाटो निर्माण, भीनपा ७ | १ लाख | |
| ३०० | सुर्के मावि भण्डारे प्रांगण ढलान तथा मेशिनरी कार्य, भीनपा ९ | ७ लाख | सुर्के मावि भण्डारे भौतिक पूर्वाधार निर्माण कार्य भीनपा ९ | ७ लाख | |
| ४५२ | बाख्रापालन पकेट क्षेत्र तथा पशु विकास कार्यक्रम | ३.१५ लाख | बाख्राको खोर सुधार कार्यक्रम (५० प्रतिशत अनुदान) | ५.१५ हजार | |
| ४५३ | युवा दलित तथा महिला क्षमता उद्यम विकास कार्यक्रम | २ लाख | | | |
| ४६४ | कागे-भिरौटा सडक | १ लाख | कागे-भिरौटा सिंचाई | १ लाख | |
| १७७ | बागमती प्रदेशस्तरीय पालिका उपप्रमुखको जिम्मेवारी सम्वन्धी कार्यशाला गोष्ठी | १० लाख | मिलखोला - सार्की गुइहे खोला नाला निर्माण | ७ लाख | |
| ३०२ | सातदोवाटो कृषि उपज बजार भवन फलामे सिढी भर्यांग तथा | २ लाख | सातदोवाटो कृषि उपज हाट बजार तथा सार्वजनिक शौचालय व्यवस्थापन | ५ लाख | |
| ३०१ | सातदोवाटो कृषि बजार कोशेली घर क्षेत्र नाला व्यवस्थापन | ३ लाख | | | |

निर्णय नं. १७ : विविध :

क) नदिजन्य पदार्थ सम्वन्धी निषेधित कार्य वापतको दण्ड जरिवानाबाट चालु आ.व.मा असुल भएको रकम रु २,९०,०००/- रकमको १० प्रतिशतले हुन आउने रकम रु २९,०००/- उक्त कार्यमा संलग्न प्रहरीलाई प्रोत्साहन रकम उपलव्ध गराउन व्यवस्था मिलाउने ।

ख) यस कार्यालय अन्तर्गत डिलढुंगा शहरी स्वास्थ्य केन्द्रबाट स्वैच्छिक अवकाश लिएकी विन्दिया श्रेष्ठले यस नगरपालिकालाई बिपक्षी वनाई दायर गरेको रिटमा उच्च अदालत पाटनको मिति २०८२/१२/०३ को आदेश बमोजिम निजलाई अवकाश पश्चातको सेवासुविधा नियमानुसारको भुक्तानी गर्ने । साथै उक्त रिट (०८२-WO-

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८३/०१/१०

०५१५) मा यस नगरपालिकाको तर्फबाट लिखित जवाफ, बहस लगायतको कार्य गरे वापत अधिवक्ता अनुराग आचार्यलाई यस नगरपालिकाको मिति २०८०/०८/११ गतेको १७औं बैठकको निर्णय बमोजिम पारिश्रमिक उपलव्ध गराउने ।

ग) यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ मा सोलार बत्ती मर्मत शीर्षकमा विनियोजित रकमबाट यस नगरपालिका वडा नं. ६ र ७ मा सोलार बत्ती मर्मत गरी पेश भएको बिल रकम प्राविधिक मूल्यांकन गरी उपलव्ध गराउने । नपुग रकम सि.नं ११५ बाट उपलव्ध गराउने ।

घ) विपन्न नागरिक आर्थिक सहयोग स्वास्थ्य उपचार शीर्षकमा विनियोजित रकम सकिएकोले सि.नं. ११५ बाट रु २,५०,०००/- (दुई लाख पचास हजार) आगामी नगरसभामा अनुमोदन गर्ने गरी रकमान्तर गर्ने ।

ङ) भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्रको बजार व्यवस्थापनका लागि सरोकारवालाहरुसँग समन्वय गरी फुटपाथ तथा कृषि उपज बजारलाई थप व्यवस्थित गर्न माईकिंग, पत्राचार लगायतका कार्य गर्ने ।

च) संघीय सशर्त अनुदान अन्तर्गत चालु आ.व.मा यस नगरपालिकालाई जनस्वास्थ्य अधिकृत १ जनाको वार्षिक पारिश्रमिक उपलव्ध भएको हुँदा उक्त पदको करार सेवामा पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

छ) यस नगरपालिकाका किवी उत्पादकहरुको माग अनुसार किवी उत्पादक कार्यशाला कार्यक्रमको साथै तपसिल बमोजिमको कार्य गर्न सि.नं. १६६ बाट बजेट व्यवस्थापन गर्ने ।

अ) किवी उत्पादकहरुको कार्यशाला गोष्ठी — रु १ लाख

आ) किवी फल उत्पादन सर्वेक्षण तथा कोल्डस्टोर सन्चालन तालिम — रु १ लाख

ज) यस नगरपालिका वडा नं. २ पाखलतीस्थित व्यावसायिक भवन पुनः भाडा लगाउन अध्ययन समितिको प्रतिवेदन बमोजिम मासिक न्यूनतम रु ८५ हजार कायम गरी उक्त भवनमा भाडा लगाउन सूचना प्रकाशन गर्ने ।

झ) : भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी नगरसभामा अनुमोदन हुने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

**तपसिल**

| क्र.स. | योजनाको नाम | रकम रु | सि.नं. |
|---|---|---|---|
| १ | दलित वस्ती नगरथला ग्रामिण सडक, भीनपा ८ | १.५ लाख | १९२ |
| २ | गेहेन्द्र बहादुर कार्की (क्यान्सर पिडित) उपचार खर्च | २५ हजार | १९२ |
| | रन्जिकादेवी श्रेष्ठ (मिर्गौला पिडित) उपचार खर्च | २५ हजार | १९२ |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८३/०१/१०

| | | | |
|---|---|---|---|
| ३ | फुर्लुंग गोरेटो बाटो तथा देविथान मन्दिर निर्माण , भीनपा ७ | १ लाख | १९२ |
| ४ | जिल्लास्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता | ४ लाख ९० हजार | |
| ५ | बुढाथोकी मन्दिर स्तरोन्नति/मर्मत, भीनपा ४ | १ लाख | १३८ |
| ६ | धनेश्वर महादेव मन्दिरको अपुरो कार्य पूरा गर्ने, भीनपा ६ | ६० हजार | १९२ |
| ७ | मानेडाँडा गोरेटो बाटो तथा ढल निर्माण, भीनपा ६ | १ लाख ३५ हजार | १९२ |
| ८ | पाटीखोला - सल्लेस्वारा सडक निर्माण, भीनपा ६ | २ लाख | १९२ |
| ९ | अर्जुन तामांग, भीनपा ६ औषधी उपचार | २५ हजार | |
| १० | राजकुमार कार्की, भीनपा ५ औषधी उपचार | २० हजार | |
| ११ | चेतकुमारी खड्का, भीनपा ५ औषधी उपचार | १५ हजार | |
| १२ | वडास्तरीय फुटसल प्रतियोगिता लालीगुराँस युवा क्लव, भीनपा ३ | १६ हजार | |
| १३ | देविथान - बुमा बस्ती खानेपानी विस्तार, भीनपा १ | २५ हजार | १९२ |
| १४ | डोक्थली मन्दिर मर्मत, भीनपा २ | १ लाख | १९२ |
| १५ | नेगल सडक मर्मत, भीनपा २ | रु ५१ हजार ५ सय | ३६१ |
| १६ | अतिथि सत्कार (खाना) प्याराडाईज गार्डेन होटल | ४८ हजार | |
| १७ | मादल प्रशिक्षण कार्यक्रम (सहारा साँस्कृतिक कला केन्द्र), चरिकोट, दोलखा | २५ हजार | ३०३ |
| १८ | उभौली पर्व व्यवस्थापन, भीनपा १ | ५० हजार | १९२ |
| १९ | बुद्वजयन्ती कार्यक्रम व्यवस्थापन , भीनपा ९ (बुद्व गुम्बा) | ५० हजार | १९२ |
| २० | पशुपति मन्दिर टायल लगाउने कार, भीनपा ३ | ९० हजार | २८१ |
| २१ | कल्भर्ट निर्माण, भीनपा ६ | २० हजार | ३०३ |
| २२ | मर्यांगखोला रेलिंग निर्माण, भीनपा ३ | ५० हजार | ३०३ |
| २३ | कभर्ड हल मर्मत, भीनपा ३ | ५० हजार | १९२ |
| २४ | श्रीमतभागवत महापुराण व्यवस्थापन, जिलु, भीनपा ४ | ५० हजार | १९२ |
| २५ | फुटसल प्रतियोगिता सहभागि (चरिकोट गेमिंग क्लव) | २० हजार | १९२ |
| २६ | भण्डारे खानेपानी आयोजना | १३ हजार ५०० सय | १३८ |

भीमेश्वर नगरपालिका चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

ञ) यस नगरपालिकाको भोगाधिकारको रुपमा रहेको कृषि उपज बजार क्षेत्रमा रहेको व्यवसायीहरुलाई यस नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम चालु आ.व.मा बहाल बिटौरी शुल्क लिने ।

ट) शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास बिभाग, पुल्चोक, ललितपुरबाट आ.व. २०८२/०८३ का लागि यस नगरपालिकाका तपसिलका गुम्बा निर्माणका लागि प्राप्त बजेट निम्नानुसार विभाजन गर्ने ।

अ) थुचे छोलिंग गुम्बा, भीनपा १ रु ११ लाख ५० हजार

आ) लप्चे गुम्बा भीनपा ८ रु ११ ५० हजार

ठ) या नगरपालिकाको नाममा रहेको, हाल ७ नं. वडा कार्यालयले प्रयोग गर्दै आएको मोटरसाइकल वा प्र. ३-००२ व ५१६० को मर्मत वापत रकम रु ३४,५५०/- (चौतिस हजार पाँच सय पचास) भुक्तानी दिने ।

ड) आ.व. २०८२/०८३ का लागि सङ्घीय सरकारबाट विशेष अनुदान शीर्षकमा प्राप्त बजेट कार्यान्वायनका लागि यस नगरपालिकाबाट स्वीकृत **उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम सन्चालन कार्यविधि,** २०८२ बमोजिम तपसिल अनुसार लाभग्राही संख्या र शिर्षकगत अनुदान उपलब्ध गराउने ।

लाभग्राही संख्या

| क्र.स. | वडा नं. | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ४० | |
| २ | २ | ३० | |
| ३ | ३ | ३० | |
| ४ | ४ | ३० | |
| ५ | ५ | ४० | |
| ६ | ६ | ३० | |
| ७ | ७ | ३० | |
| ८ | ८ | ३० | |
| ९ | ९ | ४० | |
| जम्मा | | ३०० जना | |

शिर्षकगत अनुदान

| क्र.सं. | क्रियाकलाप | अधिकतम अनुदान रकम, रु. | क्षेत्र |
|---|---|---|---|
| १ | बाख्रा खरिद | २२००० | पशुसेवा |
| २ | कुखुरा खरिद | १५००० | |
| ३ | भैसी पालन | ३५००० | |
| ४ | पाडो/पाडी खरिद | २०००० | |
| ५ | वंगुर पालन | २२००० | |
| ६ | अदुवा रोप्ने | १०००० | कृषि |

| | | | |
|---|---|---|---|
| ७ | टनेल(बाँस) तरकारी | २५००० | |
| ८ | हाते ट्याक्टर | २७००० | |
| ९ | मिल | २७००० | |
| १० | बाख्रा खोर निर्माण | २५००० | पूर्वाधार |
| ११ | कुखुरा खोर निर्माण | १५००० | |
| १२ | गोठ निर्माण | २५००० | |
| १३ | काठ चिर्ने कटर मेसिन | २०००० | अन्य |
| १४ | सिलाई मेसिन खरिद | १५००० | |
| १५ | धुप बाट्ने सामग्री | १०००० | |

ढ) प्रदेश सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौडाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत एक वडा एक उद्योग तरकारी तथा फलफुल प्रशोधन तथा प्याकेजिंग, भीनपा ७ स्थित औद्योगिक ग्राममा कार्यान्वयन गरिदिन प्रदेश सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौडालाई अनुरोध गर्ने ।

ण) भीमेश्वर नगरपालिका वडा नं. ७ मा वर्षायाममा परेको अविरल वर्षाको कारण पहिरो गई घरलाई समेत क्षति उन्मुख देखिएकोले तपसिलका व्यक्तिहरुलाई पहिरो नियन्त्रणका लागि सि.नं. ५२८ को विपद व्यवस्थापन कार्यक्रमबाट भुक्तानी दिने ।

| क्र.स. | लाभग्राही व्यक्ति | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | तोप कुमारी कार्की | ५० हजार | घरको पहिरो नियन्त्रण कार्यक्रम |
| २ | दिपा कार्की | ५० हजार | घरको पहिरो नियन्त्रण कार्यक्रम |
| ३ | विष्णु लुईटेल | २० हजार | घरको पहिरो नियन्त्रण कार्यक्रम |
| ४ | चन्द्र बहादुर | ३० हजार | घरको पहिरो नियन्त्रण कार्यक्रम |

त) यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य संस्थाको सम्पत्ति PAMS मा अभिलेखका लागि सि.नं. १६६ बाट रु १ लाख उपलव्ध गराउने ।

थ) पशुपन्छी तथा मत्स्य विकास तर्फ प्रदेश सशर्त मार्फत चालु आ.व. २०८२/८३ मा प्राप्त कार्यक्रमका लागि प्राप्त **"स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** को दफा ४ को उपदफा १ ले व्यवस्था गरे बमोजिम प्रदेश सशर्त कार्यक्रम **कार्यविधिको** अधिनमा रहि अनुगमन गरी अनुगमन पश्चात प्राप्त प्रासाङ्कका आधारमा तपशिल बमोजिमका कृषकहरुलाई छनौट गर्ने र देहाय बमोजिमका

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

...श्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

...नारायण मानन्धर

रकम उपलब्ध गराउने भनी मूल्याङ्कन समितिको बैठकको निर्णयलाई अनुमोदन गर्ने ।

१. रेन्बो ट्राउट माछा प्रवर्द्धन कार्यक्रम

छनौट भएका प्रस्तावहरुको योग्यताक्रम सूची

| क.स. | प्रस्तावकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जसमन्ते कृषि तथा पशुपन्छी एंव पर्यटन प्रवर्द्धन केन्द्र | भी.न.पा.९ | शिला कार्की | ९८५१०९६३०२ | ७३५००० | |
| २. | त्रिशक्ती अबि कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.९ | नैन बहादुर श्रेष्ठ | ९८४४४६५०८५ | ७३५००० | |

२. रेन्बो ट्राउट माछा उत्पादन प्रवर्द्धन कार्यक्रम भीमेश्वर-९

छनौट भएका प्रस्तावहरुको योग्यताक्रम सूची

| क.स. | प्रस्तावकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आर.आर बि कृषि तथा पशुपन्छी फर्म प्रा.लि | भी.न.पा.९ | चित्र बहादुर श्रेष्ठ | ९८४४२३८१६७ | ९८०००० | |

३. बाखा प्रवर्द्धन कार्यक्रम भीमेश्वर-६

छनौट भएका प्रस्तावहरुको योग्यताक्रम सूची

| क.स. | प्रस्तावकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पौरखी कृषि सहकारी संस्था | भी.न.पा.६ | हरिहर प्रसाद न्यौपाने | ९८५१२४९०७६ | १९६००० | |
| २. | आयुष कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.६ | जानुका श्रेष्ठ | ९८६४११०४१३ | १९६००० | |
| ३. | श्री भूमी कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.६ | सन्त बहादुर थामी | ९७६४००१०९९ | १९६००० | |
| ४. | प्रसिद्ध कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.६ | हिरामाया श्रेष्ठ | ९८२६८५५८४२ | १९६००० | |
| ५. | सिता कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.६ | प्रदिप तामाङ | ९८६२२६७२५१ | १९६००० | |

वैकल्पिक योग्यताक्रम सूची

| क.स. | प्रस्तावकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अनुष्का कृषि तथा पशुपन्छी फर्म | भी.न.पा.६ | गिता कार्की | ९८४४४२२१४२ | | |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ईश्वर नारायण मानन्धर
नगर प्रमुख